ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
**Double Blind Peer Reviewed Research Article**

# दाइँ र दाइँगीतको अध्ययन

गोकुल लेछबो लिम्बू[#*]
[#]शिक्षक (सङ्गीत), ललितकला केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।
*Corresponding Author: gokullimbu1@gmail.com
**Citation:** लिम्बू, गोकुल लेछबो (सन् २०२५). दाइँ र दाइँगीतको अध्ययन . *Journal of Fine Arts Campus, 7*(1). 27-33. https://doi.org/10.3126/jfac.v7i1.90776

**लेखसार**

नेपाल कृषिप्रधान मुलुक भएकाले धान खेती यहाँको प्रमुख बाली हो । धान पाकेपछि बाली भित्त्रियाउने अन्तिम प्रक्रिया दाइँ हो, जसमा धान काट्ने, कुन्यु राख्ने, खला बनाएर गोरु घुमाउँदै धान झार्ने, पराल बनाउने, धान बताउने र अन्ततः घरमा भित्त्रियाउने काम गरिन्छ । दाइँसँग सम्बन्धित धेरै किम्बदन्तिहरू पाईन्छन् । रामसीता र अन्नपूर्ण माताको कथा, शिवपार्वतीसँग जोडिएको चामल धानको कथा र सिमलचरीसँग सम्बन्धित विश्वास आदि रहेका छन् । यी किम्बदन्तिहरूले कृषकको धार्मिक आध्यात्मिक आस्था प्रतिबिम्बित गर्दछन् । दाइँको क्रममा गाइने दाइँ गीत ( मंसिरेगीत, रासिगीत) श्रमगीत अन्तर्गतको कर्मगीत हो । दाइँगीतमा किसानले सह र समृद्धिको कामना गर्दछन् । दाइँ गीत समूह, एकल रूपमा गाइन्छ, गोरुको चालसँग लय मिलाईन्छ । दाइँगीतमा बाजाको प्रयोग हुँदैन । यस अध्ययनको मुख्य उद्देश्य दाइँको सामाजिक, सास्कृतिक महत्व र दाइँगीतको साङ्गीतिक महत्वलाई उजागर गर्नु हो। यस अध्ययनमा सैद्धान्तिक र साङ्गीतिक विश्लेषणका लागि पाठ विश्लेषणात्मक विधि, व्याख्यात्मक विधि, वर्णनात्मक विधि र भातखण्डे स्वरलिपि विधिको प्रयोग गरीएको छ भने सामाग्री संकलनका लागि प्राथमिक स्रोत र द्वितिय स्रोतको प्रयोग गरिएको छ।

---

**शब्दकुञ्जी** : मंसिरेगीत, बाली भित्त्रियाउने, धान काट्ने, कुन्यु, खला, मियो, भूमेपाथी ।

---

## विषय प्रवेश

नेपाल कृषि प्रधान देश हो । नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म धानको खेती हुने गर्दछ । धानको खेती गर्ने किसानले धान बाली उठाउने वेलामा धान भित्त्रियाउन गरिने विभिन्न प्रक्रियाहरू मध्ये दाइँ पनि एक हो । उक्त दाइँ गर्दा गरिने प्रक्रिया र गाइने दाइँ गीतको विषयमा प्रस्तुत अध्ययनमा चर्चा गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य दाइँको संरचना, सामाजिक, साँस्कृतिक महत्व र दाइँगीतको सांगीतिक महत्वलाई उजागर गर्नु हो । दाइँगर्दा हुने प्रक्रिया, दाइँगीतमार्फत नेपाली कृषक जीवनमा देखिने सामूहिक श्रम, आपसी सहयोग र पारिवारिक एकताको भावनालाई विश्लेषण गर्नु यस अध्ययनको लक्ष्य हो । यस गीतमा प्रयुक्त लोकभाषा, साँस्कृतिक प्रतीक र सांगीतिक सौन्दर्यको विश्लेषण गरी नेपाली मौलिक लोकगीत, लोकसँस्कृतिको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउनु पनि अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनको सीमा

यस अध्ययनलाई दाइँ र दाइँगीतमै सीमित गरिएको छ । दाइँगीतभन्दा अन्य लोकगीत यस अध्ययनको सिमाभित्र पर्दैनन् । यसमा विशेषगरी धान भित्त्रियाउने समयमा गरिने प्रक्रिया दाइँ र गाइने दाइँ गीतलाई मात्र आधार बनाइएको छ ।

## अध्ययन विधि

यो अध्ययन मुख्यतः पाठ विश्लेषणात्मक विधि प्रयोग गरी गरिएको छ । गीतमा आएका शब्द, संरचना, प्रतीक र भावभूमिको विश्लेषण गरी यसको साँस्कृतिक, सांगीतिक महत्व पहिचान गरिएको छ। व्याख्यात्मक विधि प्रयोग गरी दाइँगर्दा गरिने प्रक्रियाको व्याख्या गरीएको छ साथै, वर्णनात्मक विधि प्रयोग गरी गीतमा चित्रित कृषक जीवन, श्रम सँस्कृति र सामाजिक सम्बन्धलाई व्याख्या गरिएको छ । पूर्वीय सङ्गीत शास्त्र अन्तर्गत भातखण्डे स्वरलीपी पद्धतिको आधारमा प्राविधिक सांगीतिक विश्लेषण गरिएको छ । साँस्कृतिक साहित्यिक दृष्टिकोणबाट गीतलाई केवल मनोरञ्जनको साधन नभई सामूहिक जीवनशैली र सँस्कृतिको वाहकका रूपमा पनि प्रस्तुत गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

सर्वेक्षण, अवलोकन र अन्तवार्ताका आधारमा सामाग्री सङ्कलन गरिएको छ साथै दाइँगीत सम्बन्धी उपलब्ध प्रकाशित विभिन्न लेख, रचना, पुस्तक, अघिल्ला अध्ययनलाई द्धितीय स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

**दाइँको परिचय**

नेपालको प्रमुख नगदे वाली मध्ये धानबाली पनि एक हो । पूर्वमेचिदेखि पश्चिम महाकालीसम्मनै धानको खेतीगर्ने गर्दछन् । नेपालको हिमाल, पहाड तराई मध्ये पहाड र तराईको भूभागहरूमा धानको खेती हुने गर्दछ । धान खेती पूर्वी पहाड र तराईमा मुख्य नगदे बालीको रूपमा रहेको छ । पहाडी भूभागमा आषाढमा धान रोपिन्छ मंसिरमा धानबाली उठाईन्छ । तराईका भूभागमा भने धानलाई दुई बालीको रूपमा खेती गरिन्छ । तराईमा पहिलो धान बाली प्रायः भाद्रको दोस्रो साता भित्रमा धान रोपिन्छ मंसिरमा बाली उठाईन्छ (गौतम, २०८०:१३७) । दोस्रो धानबाली चैत्र महिनामा रोपेर श्रावणमा बाली उठाईन्छ । चैत्रमा रोपेर श्रावणमा काटेको धानलाई बर्खे धान भन्ने चलन रहेको छ । कृषकले लगाएको बाली पाकेपछि त्यो बालीलाई काटेर उठाउने गरिन्छ त्यसलाई बाली उठाउनु भन्ने गरिन्छ । बालीलाई कृषकले स्थानीयरूपमा बोलिचालिको भाषामा खेती पनि भन्ने गर्दछन् । समतल जमिनको सतहदेखि धैरै माथिसम्म उठेको भूभागलाई पहाड भनिन्छ । पहाडको पनि दूई भाग हुने गर्दछ पहाडको माथिल्लो भागलाई लेक भनिन्छ भने तल्लो भाग अर्थात पहाडको फेदीको भागलाई बेसी भनिन्छ । पहाडी भूभागमा एकै ठाउ भएर पनि माथिल्लो भाग लेकमा तापक्रम कमहुने र सोहि ठाउकै तल्लो भाग बेसीमा तापक्रम बढि हुने गर्दछ । विषेशतः पहाडी भूभागहरूका तल्लो भाग बेसीहरूमा जहा केहि तापक्रम माथिल्लो भाग भन्दा तुलनात्मक रूपमा बढी हुने गर्दछ त्यस्ता भागहरूमा धानबाली लगाउने गरिन्छ (लेछर्बो,२०७६) । दाइँ गीत धान खेतीसँग सम्बन्ध राख्दछ ।

**दाइँका किम्बदन्तिहरू (कथा)**

प्राचीनकालदेखि नै दाइँ गर्दा राम र सीताले समेत अन्नपूर्णमाताको खले गरोमा दाइँ हाल्ने र शिवका वृषवाहन (साँढे) खलाको मियोमा घुम्थे भन्ने किम्बदन्ति रहेको छ । किसानले धानको थुप्रोलाई मिलाएर चुल्याएर राखेमा अन्नपूर्णमाताले बास गर्ने र धानको सह बस्ने विश्वास गरिन्छ (लेछर्बो, २०७६) । परम्परागत रूपमा दाइँ गीतको सम्बन्ध सिमलचरीको लोककथासँग जोडिएको छ । सत्ययुगमा धानको बालाको सट्टा चामल नै फल्ने गर्दथ्यो। एकदिन श्राद्ध खाएर आएका एकजना बाहुनले बोटको बाला नै थुतेर चामल (मुक्याएछन्) खाएछन् । श्राद्ध खाएर अघाएका मानिसले यसरी बोटबाटै चामल मुक्याएको देखेर पार्वतीलाई रिस उठेछ । यो कुरा भगवानसम्म पुगेपछि चामलको सट्टामा भुस (बोक्रा) सहितको धान फल्न थालेको किम्बदन्ति पाइन्छ (पराजुली, २०६४:२१८) ।

एउटा किसानले दाइँ गरेको खलाको धानलाई खेतलाहरूको साथमा लगातार धान ओसारे तर जति ओसारे पनि खलाको धान सकिएन । खलामा धान नसकिएको देखेर किसानले झर्को मानि त्यस धानको रासमा आगो लगाईदिएछन् र घरतिर लागेछन् । त्यस खलाको मियोमा सिमलचरी बसेकी हुनाले धानको रास ओसारेर नसकिएको हो भन्ने कुरा किसानलाई थाहै भएन । आगोको लप्काले सिमलचरीको प्वाँखहरू सबै जलेर उड्न नसक्ने भए पछि खलामा नै छटपटाइ रहिन् । सिमलचरीको यस्तो हाल देखेर अन्य चराचुरुङ्गिगहरू आएर सोधेछन् र सिमलचरीले सबै वृतान्त बताइसके पछि चराचुरुङ्गिले एक एक ओटा प्वाँख दिएर बल्लतल्ल उडिन् । सिमलचरीको आफ्नो प्वाँखहरू आगोले डडेको कारण नउम्रने र अन्य चराचुरुङ्गिले दिएको प्वाँख फिर्ता माग्लान्, भुल्याउलान भन्ने ठानेर सबै चराचुरुङ्गि सुतेको वेला सिमलचरी चाँहि वनको छेउमा गइ “गोलसिमल” भन्दै कराउन गर्दछन् । खलाबाट जति ओसारे पनि धान नसकिएको र सिमलचरीलाई ती किसानले आगोले पोलेको हल्ला सबै किसानहरूमा फैलियो । त्यसैदिनदेखि पश्चतापमा परेको किसानले दाइँ शुरुहुनु अघि खोलाका दर्शनढुङ्गा ल्याइ सिमलचरीको प्रतीकको रूपमा खलामा स्थापना गरि नैवेद, फलफूल चडाएर धूपधूवाँर गर्ने प्रचलन भएको किम्बदन्ति रहेको छ (लेछर्बो, २०७६) । नेपालको मध्य पश्चिम र पश्चिम भेगमा दाइँहाल्ने दिन दाइँरेले नदेख्ने गरी किसानले सिमलचरीको प्रतीक बनाई धानको रासभित्र घुसारेर राख्ने चलन समेत रहेको पाइन्छ (पराजुली, २०६४:२१९) । किसानहरू सिमलचरीलाई सहको चरीको रूपमा मान्दछन् । बर्षभरिको कमाई राम्रो होस् भन्ने सबै किसानको हुन्छ । दाइँको समयमा मियोको टुप्पोमा सिमलचरी आएर बसेको खण्डमा सह आउने विश्वास गरिन्छ । पश्चिमतिर सिमलचरीलाई सियाँलचरी पनि भनिन्छ (रिमाल,२०५३:१४) ।

**दाइँ गीतहरू**

दाइँ गीत कृषिसँग सम्बन्धित गीत हो । दाइँगीत कृषि युगदेखि प्रारम्भ भएको पाइन्छ । दाइँ गीत नेपालको कृषिप्रधान समाजसँग गाँसिएको मौलिक मौखिक साहित्य हो । नेपाल प्राचीनकालदेखि नै कृषिमा निर्भर भएको मुलुक भएकाले धान खेती यहाँको मुख्य जीवन आधार रहँदै आएको छ । धान भित्रियाउने समयमा गरिने दाइँ किसानहरूको

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
**Double Blind Peer Reviewed Research Article**

सामूहिक श्रम हो । दाइँ यस क्रममा कामलाई रमाइलो बनाउन, थकाइ कम गर्न र सामूहिक उत्साह बढाउन दाइँ गीत गाउँने परम्परा सुरु भएको मानिन्छ । लेख्य साहित्य विकास हुनु अघि नै नेपाली किसानहरूले आफ्ना भावना, श्रमको गौरव, खुशी र सामूहिकताको अनुभव गीतमार्फत व्यक्त गर्ने गर्थे । त्यसैले दाइँ गीतलाई नेपाली मौखिक साहित्य र लोकगीत परम्पराको पूरानो रूप मानिन्छ। दाइँ गीतको इतिहास केवल गीतमै सीमित छैन, यसले समाजको जीवनशैली, कृषि प्रणाली, प्रकृतिसँगको आत्मीय सम्बन्ध र साँस्कृतिक परम्परालाई पनि बोकेको छ। समयसँगै परिवर्तित भए पनि दाइँ गीत आज पनि ग्रामीण समाजमा धान भित्रियाउने बेला सुनिन्छ, जसले यसको पूरानो परम्परा अझै जीवित रहेको देखाउँछ। दाइँ गीतको इतिहास नेपाली किसानको धान खेती, श्रमजीवन, मौखिक साहित्य र सामूहिक सँस्कृतिसँग प्रत्यक्ष जोडिएको छ। यो गीत नेपाली ग्रामीण सभ्यता र सँस्कृतिको ऐतिहासिक धरोहर हो (लेछबों, २०७६)। दाइँ गीत श्रमसङ्गीतबाट उठेको कर्मगीत हो । भाका र बोलीमा केहि फरक भए तापनि दाइँ गीत पूर्व पश्चिम सबैतिर गाइन्छ। दाइँ गीत मंसिरमा गाइने हुँदा यसलाई मंसिरेगीत पनि भनिन्छ (पराजुली, २०६४:२१८)। दाइँगीतमा सुखद भविष्य र समृद्धिको कामना गर्दै किसानहरू आफ्नो काममा तल्लिन रहन्छन् । जसरी भएपनि आफ्नो खलामा धेरैभन्दा धेरै धान भइदियोस् भन्ने आशय गीतका माध्यमबाट व्यक्त गर्दछन् (आचार्य, २०७१:४५) ।

दाइँ गीतको मुख्यभाव भनेको सहकाल होस् भन्ने हो । दाइँ गीत दाइँ गर्नेले गाउने हुँदा दाइँरे गीत पनि भनिन्छ (लुइटेल, २०६३:१३३) । मुक्त लयात्मक गाइने दाइँ गीत एक्लै र समुहमा पनि गाउँन सकिन्छ (लामिछाने, २०६८:१७२)। दाइँ गीतलाई रासि गीत पनि भनिन्छ (कन्दङ्वा, २०२२:१९)। गीत सङ्गीतले वातावरणलाई खुशी अनि रमाइलो बनाउने गर्दछ । वर्ष भरिको मेहनतको बाली उठाउने दिन दाइँ आफैमा खुशीको दिन हो । दाइँगर्दै गाउने गीत दाइँगीत हो(राई, २०८१:२२५)। दाइँ गीतले दाइँमा सहभागिहरूलाई रमाइलो, उमङ्ग प्रदान गर्दछ। दाइरेहरूलाई थकानको अनुभव नहोस्, मंसिरको चिसोले नछोवस ज्यान तातोहोस् भनि गीतको रसमा दाइरेहरू जोसले कार्य गर्न तल्लिन हुन्छन् (आचार्य, २०७१:४५) । दाइँ गीतले दाइँरेको थकाईलाई पूनर्ताजकि समेत दिँदछ। खलामा धानको रास ठूलो होओस् मधेसको जस्तै सहआओस् र सिमलचरीले बास गरोस भन्ने भावले अभिप्रेरित भई कामना गर्दै गीत झिक्ने र गाउने गर्दछन् । असि मुरी झरुवा बाह्र मुरी धानहोस्, सहबोलाउने प्रार्थना, कामना, वर्षभरि पुगोस भन्ने कामना दाइँगीतमा गर्दछन् । नेपालको पूर्वी भेगमा गाइने एक दाइँगीत निम्नानुसार रहेको छ (लेछबों, २०७६)।

दाइँ बर्दो घुमि देना भैया
पराल मुरुमुरु खाई हिडि देन भैया
बाँसैको झ्याङमा कराई हाल्यो कोइली
आजका दाइँरेलाई घिउका चोइलि
आकासैको हो झिलिमिलि तारा
मिहेको टुप्पामा हो सहको धारा
मालेको छोरा तारेको तारेको नाती
हिड है भाइ हो परालै माथि
तारे माले झाले हाम्रा बरदो
सह ल्याउ भैया हो मालमधेशको
असीमुरी झरुवा हो वारवीस रास
लालुपाते फूल्यो भाई हो लङ्का पुग्यो बास
माले गोरुको हो बाटुलो छ जुरी
आजका रासमा हो पाँच बीस मुरी
दाइँ बर्दो घुमि देना भैया
पराल मुरुमुरु खाई हिडि देन भैया।

**दाइँगीतको विश्लेषण**

प्रस्तुत दाइँगीतलाई लोकगीतका तत्वहरू क्रमश संरचना, विषयबस्तु, प्रस्तुति शैली, भाव र भाषा शैलीको आधारमा र दाइँगीतको प्रविधिक सांगीतिक विश्लेषण गर्दा पूर्वीय सङ्गीतशास्त्री भातखण्डेको स्वरलिपि पद्धतिको प्रयोग गरी विश्लेशण गरिएको छ । गायन, वादन र नृत्यको संयुक्त रुप नै सङ्गीत हो । दाइँ गीतमा गायन पक्ष नै बलियो

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
**Double Blind Peer Reviewed Research Article**

रहेको छ। दाइँ गीत देशभरि गाईन्छ। दाइँ गीत सबैतिर गाइएता पनि भाका भने फरक फरक हुने गर्दछन्। दाइँ गीत आआफ्नो ठाउमा स्थानीय लोकभाकामा गाइने गर्दछन् । पूर्वी भेगमा पूर्वेली भोकभाकामा दाइँ गीत गाईन्छ भने पश्चिममा पश्चिमेली लोकभाकामा दाइँ गीत गाउदछन् । दाइँ गीत पूर्व पश्चिम जहाँ गाइएता पनि गीतको भाव पक्ष भने एउटै हुने गर्दछ । कर्णाली भेगमा दाइँ गीतलाई स्थानीय लोकगीत लामो र ठाडो भाकामा गाइन्छ (रिमाल, २०५३:१४) ।

दाइँ गीतमा ताल पक्ष प्राथमिकतामा पर्दैन। मियोमा बाँधिएका गोरुहरूको खुट्टाको चालसँगै दाइँ गीत गाउनु पर्ने हुन्छ। गोरुहरूको हिडाइमा गीतको लय भर पर्ने हुँदा दाइँगीतमा तालको स्थान कम हुने गर्दछ। दाइँ गीत एक श्रमगीत हो । श्रमगीत श्रम गर्दा अर्थात खेती गर्दा गाउने गर्दछन् । खेतबारीमा कामलाई बढि प्राथमिकता दिनुपर्ने भएकोले बाजा बोकेर हिड्नु सान्दर्भिक हुदैन। त्यसैले बाजाको प्रयोग पाइन्दैन तर दाइँ गीतलाई आधुनिक सङ्गीतमा संयोजन गरी यदि समान लयमा गाउने हो भने ८ मात्राको कहरवा तालमा गाउन सकिन्छ। पूर्वी भेगमा गाइने प्रस्तुत दाइँ गीतलाई शास्त्रीय सङ्गीतको कोणबाट हेर्ने हो भने राग भुपालीसा रे ग प ध सांका स्वरहरू लागेको पाइन्छ।

**स्वरलिपि**

**स्थायी:** गग पध सां सां। सां रेंगं रेंगं रेंसां।
दाइँ बर दो ऽ । ऽ घुमि देऽ नऽ।
X । ० ।
सां सां सां ध। – – – – ।
भै या ऽ ऽ। ऽ ऽऽ ऽ ।
X । ० ।

**अन्तरा:** – ग प प । ध ध सांसां।
ऽ बाँ सै को । झ्याङ् मा हो ऽ।
X । ० ।
सां रेंगं रेंगं रेंसां। सां सां सां ध।
ऽ करै हाऽ ल्यो । को ई ली ऽ।
X । ० ।
– गग प प । ध ध सां सां।
ऽ आज का ऽ। दाइँ रे लाई ऽ ।
X । ० ।
– रेंगरेंसां– । सां सां सां ध।
ऽ घिउ काऽ ऽ । चो ई ली ऽ ।
X । ० । (लेछर्बो,२०७६)।

## दाइँ गीतको संरचना

प्रस्तुत दाइँ गीत प्रायः चार पंक्ति रहेको छ। आवश्यकता अनुसार पाँच वा बढी पंक्तिहरू पनि समावेश हुन्छन्। गीतमा दोहोरिने शब्द जस्तै "भैया" भन्ने शब्दावली । यसले गीतलाई लयात्मक र स्मरणीय बनाउँछ र गाउँका मानिसहरूले सजिलै गाउँन र सम्झन सकून् भन्ने उद्देश्य पुरा गर्दछ। प्रत्येक पंक्तिले दृश्यात्मक र भावनात्मक अर्थ प्रस्तुत गरेकोछ । "झिलिमिलि तारा" आकासीय दृश्य, "सहको धारा" नदी वा पानीको दृश्य, "पराल मुरुमुरु" धान भित्रियाउने कार्यसँग सम्बन्धित दृश्य, यी दृश्यहरूले गीतमा प्राकृतिक र ग्रामीण जीवनको अनुभूति थप्दछ। गीतमा कृषि, दाइरे, पराल र गाउँले जीवनमा प्रयोगमा पाईने शब्दावली प्रयोग गरिएको छ। उदाहरणका लागि "मालेको छोरा", "बरदो सह ल्याउ भैया"। यसले गीतलाई सामाजिक र साँस्कृतिक दृष्टिले महत्वपूर्ण बनाउँछ। पंक्तिहरूको क्रमले धान भित्रियाउने कार्य, दाइँ गर्ने गतिविधि लाई प्रष्ट देखाउँछ। गीतको लयमा समूहमा गाउने र रमाइलो गर्ने अवसरलाई प्रवाहमान बनाउँछ । दाइँगीतको संरचना लयात्मक, चित्रात्मक र साँस्कृतिक रूपमा समृद्ध छ, जसले गाउँको कृषि जीवनको झलक प्रस्तुत गर्छ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

**दाइँगीतको विषयबस्तु**

दाइँ गीतको विषयवस्तु धान भित्रियाउने बेला गाइने दाइँ गीतसँग सम्बन्धित छ । दाइँगीतको मुख्य विषयबस्तुको रूपमा वर्ष भरी गरेको परिश्रम सार्थक होस्, किसानले आफ्नो धानको रासमा सहले बासगरोस्, आर्थिक समृद्धि होस् भन्ने कामना गीतको माध्यमबाट व्यक्त भएका छन् । आकाशैमा हो झिलिमिलि तारा, मिहेको टुप्पोमा हो सहका धारा, माले गोरुको हो बाटुलो छ जुरी, आजका रासमा हो पाँच बिस मुरी भन्ने वाक्यले किसानको आफ्नो समृद्धिको कामना गरेको स्पष्ट रूपमा पाइन्छ । कृषकहरूको जीवन, श्रम, गाउँको सामूहिकता र खेतीपातीसँग जोडिएका विभिन्न विषयहरू चित्रण गरिएको छ । गीतमा "दाइँ बर्दो घुमि देना भैया" भन्ने वाक्यले श्रम र दाइँको चित्रण गरेको छ । दाइँको बखत मियोमा नारिएका गोरुहरूलाई भैयाको रूपमा सम्बोधन गरेको छ भने धानको डाँठलाई पराल बनाउन घुमिदिनु भन्ने भाव व्यक्त गरेको छ । बाँसको झ्याङ, कोइलीको कराई, आकाशको तारा, पानीको धारा आदि प्राकृतिक छविहरू मार्फत ग्रामीण परिवेशलाई रमाइलो ढंगले प्रस्तुत गरिएको छ । "आजका दाइँरेलाई घिउका चोइलि" भन्ने वाक्यले कामसँगै रमाइलो, खाने-खुवाउने, सामूहिकता र मिलनसार वातावरणलाई देखाएको छ । दाइँ केवल कृषि,श्रम मात्र नभई सामूहिक उत्सबै र आनन्दको अवसर पनि हो । "आजका रासमा पाँच बीस मुरी" भन्ने वाक्यले राम्रो उपज, धानको मात्राको बढोत्तरी र कृषकहरूको खुसी प्रकट गरेको छ । उपजले परिवार र गाउँमा खुशी ल्याउने विश्वास प्रकट गरेको छ । दाइँ गीतले केवल काम सजिलो बनाउन मात्र नभई साँस्कृतिक तथा सामाजिक सम्बन्धलाई बलियो बनाउने कार्य गरेको छ । दाइँ गीतको विषयवस्तु कृषि सँस्कृति, दाइँको श्रम, सामूहिकता, ग्रामीण जीवन, प्रकृति र उपजसँग जोडिएको खुसी हो ।

**दाइँ गीतको प्रस्तुति शैली**

दाइँ गीत मुख्यतया धान भित्रियाउने बेला, पराल बनाउने, दाइँ लगाउने क्रममा गाइन्छ । यसको प्रस्तुति शैली अन्य गीतभन्दा भिन्न हुन्छ, किनकि यसमा काम र गीत दुवै समानान्तर रूपमा अघि बढ्छन् । दाइँगीतमा सामूहिक भावना प्रस्तुत गरिएको हुन्छ । दाइँगीत गाउदा वातावरण उल्लासमय हुन्छ । दाइँगीत गाउदा कामको लयसँगै गीत पनि गाउने गर्दछन् । दाइँमा प्रयोग गरिएको गोरुहरूको चालसँगै गीतको लय निर्धारण भएको हुन्छ । गीतले काममा संलग्न व्यक्तिहरूलाई उत्साह, हौसला र रमाइलोपन दिँदछ । उखानटुक्का, उपमा र रमाइला शब्दहरूको प्रयोगले थकाइ मेट्दछन् र सामूहिक एकताको अनुभूति दिलाउँछन् । दाइँ बर्दो घुमि देना भैया, पराल मुरुमुरु खाई हिडि देन भैया जस्ता दोहोरीने पंक्तिहरूको पूनरावृत्तिले लयलाई निरन्तरता दिएको छ । गीतमा प्रकृति (आकाशको तारा, कोइली, झ्याङमा, चोइली), कृषि (धान, मुरी, पराल), घिउ, गोरु जस्ता तत्वहरूको प्रयोग गरेर गाउँघरको जीवनशैली, स्थानियताको चित्रण गरिएको हुन्छ । दाइँगीतको प्रस्तुतिले श्रोतागायक दुवैलाई कृषिजन्य परिप्रेक्ष्यमा डुबाइदिन्छ । दाइँगीत हौसलापूर्ण शैलीमा प्रस्तुत गरिएको हुन्छ । दाइँ गीत गाउने क्रममा मानिसहरू परालमाथि हिँड्ने, बोझ उठाउने, रमाइलो गर्ने क्रमसँगै शरीर हल्लाउने, लय मिलाउने शैली अपनाउँछन् । दाइँ गीतको प्रस्तुति शैली सामूहिक, लयात्मक, उत्साहजनक र प्रकृति-कृषि-समाजसँग जोडिएको हुन्छ । यसले श्रमलाई सहज, रमाइलो र सँस्कृतिक बनाउने माध्यमको रूपमा काम गर्छ ।

**दाइँ गीतको भाव**

दाइँ गीतमा नेपाली किसानको जीवनशैली, श्रमप्रतीको गौरव, खुशी र सामूहिकतामा आधारित भावना अभिव्यक्त भएको हुन्छ । दाइँगीतले धान भित्रियाउने जस्तो कठिन श्रमलाई रमाइलो बनाएको हुन्छ । पराल, मुरी, घिउ, सह, गोरु आदिको उल्लेखले कृषिजन्य सम्पत्ति र मेहनतको फलप्रति किसानको गर्व देखाउँदछ । बाँसैको झ्याङमा कराई हाल्यो कोइली, आकासैको झिलिमिलि तारा जस्ता पंक्तिहरूले प्रकृतिसँगको घनिष्ठ सम्बन्ध र रमाइलोपन प्रकट गर्छन्। गीतमा "भैया" भनेर साथी वा भाइलाई बोलाउने शैलीले मियोमा बाँधिएको गोरुहरूलाई सम्बोधन गरिएको हुन्छ । जसले सबैप्रति प्रेमको भाव देखाइएको छ । दाइँ लगाउने काम एक्लै नभई सामूहिक रूपमा सम्पन्न हुने भएकाले गीतमा पनि सामूहिक उत्साह झल्किन्छ ।"आजका रासमा हो पाँच बीस मुरी" जस्ता पंक्तिहरूले धानको बाली राम्रो उत्पादन भएको खुशी व्यक्त गर्दछन् । किसानहरूको जीवनमा पर्याप्त अन्न उत्पादन हुनु गर्व र सन्तोषको विषय हो भन्ने कुरा गीतले उजागर गर्छ । कठिन श्रमलाई उत्सबैमा परिणत गर्ने नेपाली किसानको साँस्कृतिक परम्परा यस गीतको भाव हो ।गीतले केवल श्रम मात्र नभई रमाइलो, हाँसो-ठट्टा र जीवनलाई उत्सबैमय बनाउने दृष्टिकोणलाई पनि प्रकट गर्दछ। दाइँ गीतको मूल भाव किसानको श्रमलाई गौरवपूर्ण, रमाइलो र सामूहिक बनाउँदै प्रकृति र समाजसँग आत्मीय सम्बन्ध जोड्ने हो ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
Double Blind Peer Reviewed Research Article

**दाइँ गीतको भाषाशैली**

गीतमा प्रयोग भएका शब्दहरू सजिला, बोलचालमै प्रचलित र गाउँघरमा प्रयोग हुने खालका साधारण र ग्रामीण भाषाशैली छन् । भैया, मुरुमुरु, बरदो, मुरी आदि शब्दहरूले गाउँठाउँको भाषिक स्वाद ल्याएका छन् । "आकासैको झिलिमिलि तारा", "मिहेको टुप्पामा सहको धारा" जस्ता पंक्तिहरूमा रूपक र प्रतीकात्मक भाषा प्रयोग भएको छ ।यसले भावलाई गहिरो र चित्रात्मक बनाएको छ ।गीतमा एउटै पंक्ति दोहोर्‍याइने ("दाइँ बर्दो घुमि देना भैया/पराल मुरुमुरु खाई हिडि देन भैया") शैलीले गीतलाई रोमाञ्चक बनाएको छ । गीतमा प्रयोग भएका शब्द र वाक्य संरचना नेपाली ग्रामीण समाजसँग प्रत्यक्ष जोडिएका छन्, जसले यसलाई मौलिक बनाएको छ ।कोइली, तारा, बाँसको झ्याङ, लालुपाते आदि शब्दहरूले प्रकृतिको चित्रण गरेको छ । दाइँ गीतको भाषा शैली साधारण, ग्रामीण, लयात्मक, प्रतीकात्मक र मौलिक छ, जसले श्रमलाई रमाइलो र काव्यमय बनाइदिएकोछ ।

**दाइँ गीतको महत्व**

दाइँ गीत नेपाली ग्रामीण समाजको मौलिक मौखिक परम्परा हो । यसले नेपाली किसानको श्रम, जीवनशैली र सामूहिक सँस्कृतिलाई जोगाएर राख्ने काम गर्दछ। परम्परागत कृषि सँस्कृतिलाई एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण गर्ने माध्यम बनेको छ । दाइँगीत साँस्कृतिक महत्व बोकेको गीत हो । गीतले किसान बीच भाइचारा, सहकार्य र सामूहिकताको भावना बढाउँछ। दाइँगर्दा सामूहिक रूपमा गाइने भएकाले आपसी सम्बन्ध बलियो हुन्छ जसले सामाजिक महत्व राख्दछ। कठिन श्रमलाई रमाइलो बनाउने, थकाइ मेट्ने र उत्साह जगाउने प्रमुख साधन गीत हो यसले कामलाई सहज, मनोरञ्जनात्मक र उत्सबैमय बनाइदिन्छ। जसले मनोवैज्ञानिक महत्व राख्दछ। हाम्रो कृषिप्रधान समाजको विगत र वर्तमान जीवनशैलीलाई प्रतिबिम्बित गर्दछ। किसानले अन्न उत्पादनलाई गर्वका साथ स्वीकार्ने परम्परा यस गीतमार्फत प्रकट भएको पाइन्छ। यसले नेपाली गाउँघरको मौलिक पहिचानलाई जोगाउने भूमिका खेल्दछ। दाइँ गीत केवल दाइँगर्दा गाइने रमाइलो गीत मात्र होइन, नेपाली कृषिसँस्कृति, सामूहिकता, श्रमप्रतीको गौरव र मौलिक लोकपरम्पराको प्रतीक हो । यसले हाम्रो सँस्कृति, साहित्य र सामाजिक जीवनमा विशेष महत्व राख्छ। दाइँ गीत केवल खेतमा काम गर्दा गाइने रमाइलो गीत मात्र होइन, किसानको श्रमजीवन, उत्पादनप्रतीको गर्व, सामूहिक भावना र मौलिक साँस्कृतिक सम्पत्ति हो । यसले नेपाली कृषि-समाजको सौन्दर्यपूर्ण जीवनदर्शनलाई उजागर गर्दछ ।

**निष्कर्ष**

नेपाल कृषि प्रधान भएको देश भएकै कारण यहाका मानिसहरुले विभिन्न खेतिपाति गर्ने गर्दछन्। जसमध्ये धान खेतिलाई एक प्रमुख बालीको रुपमा मान्ने गर्दछन् । धान खेति(बालि) उठाउदा कृषकले धान काट्ने, कुन्यू लगाउने, खला बनाउने, मियो गाड्ने, दाइँ गर्ने, भुमे पाथि भर्ने धान उठाएर घरमा लगेर भकारीमा थन्क्याउने गर्दछन्। दाइँ गर्ने क्रममा गाउने गीतलाई दाइँ गीत भन्दछन् । नेपाल कृषि प्रधान देश भएकाले यहाँका कृषक जीवन, श्रम संस्कार र साँस्कृतिक परम्परासँगै विकसित भएका विभिन्न मौलिक सांगीतिक अभिव्यक्तिहरूमध्ये दाइँ गीतले विशेष महत्व राख्दछ । धान खेतीसँग प्रत्यक्ष सम्बन्ध राख्ने दाइँ केवल धान भित्रियाउने परम्परागत प्रक्रिया मात्र नभई कृषकको सामूहिक श्रम, धार्मिक विश्वास, लोककथा र सामुदायिक एकताको जीवन्त प्रतीक हो । दाइँसँग सम्बन्धित किम्बदन्तीहरूले यसलाई धार्मिक र आध्यात्मिक महत्व दिएका छन् भने दाइँ गीतले कृषकको श्रमलाई सहज, रमाइलो र जोसिलो बनाउन सहयोग पुर्‍याएको छ । गीतमार्फत कृषकहरूले सहकाल, समृद्धि र फलदायी भविष्यको कामना गर्दै आफ्नो श्रमलाई सँस्कृतिसँग गाँसेका छन् । भौतिक दृष्टिले यो गीतले थकान हटाई उमङ्ग जगाउँछ, धार्मिक आध्यात्मिक दृष्टिले आस्था र विश्वासलाई बल दिन्छ, सांगीतिक दृष्टिले स्थानीय भाका र लयलाई जोगाउँछ, र साहित्यिक दृष्टिले गाउँका ठेट भाषामा कृषक जीवनको भाव अभिव्यक्त गर्दछ। यसरी दाइँ गीत श्रम सङ्गीत (कर्मगीत) को उत्कृष्ट उदाहरण हो। यसले परम्परागत कृषि प्रणालीलाई मात्र होइन, नेपाली समाजको साँस्कृतिक पहिचानलाई पनि संरक्षण र प्रवर्द्धन गर्ने काम गरेको छ । आधुनिकताले परम्परागत दाइँ गर्ने प्रचलनलाई केही हदसम्म विस्थापित गरे पनि यसको सामाजिक, धार्मिक र सांगीतिक मूल्य अझै उच्च रहेको देखिन्छ। त्यसैले दाइँ र दाइँ गीतलाई जीवित परम्परा र अमूल्य साँस्कृतिक सम्पदाको रूपमा संरक्षण गर्नु आजको आवश्यकता हो ।

**सन्दर्भ सामग्री**

आचार्य, गोविन्द (२०६२),*लोकगीतको विश्लेषण,* रामशाहपथ, काठमाण्डौ : पैरवी प्रकाशन ।
कन्दङ्वा, काजिमान (२०२२),*नेपाली जनसाहित्य,* काठमाण्डौ : रोयल नेपाल एकेडेमी ।
गिरी, जीवेन्द्रदेव (२०६७),*नेपाली लोक साहित्यमा जनजीवन,* काठमाण्डौ, नेपाल : एकता प्रकाशन ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 1.**
**Double Blind Peer Reviewed Research Article**

गौतम, तुलसीप्रसाद (२०८०), *पूर्वाञ्चलका लोकगीतहरूको विधातात्विक अध्ययन,* नेपाल : ओरिन्टल पब्लिकेशन हाउस प्रा.लि. ।
पराजुली, कृष्णप्रसाद (२०५७),*नेपाली लोकगीतको आलोक,* त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल : वीणा प्रकाशन प्रा.लि. ।
पौड्याल, कृष्णविलास (२०७३)*लोक साहित्य,* प्रदर्शनीमार्ग, काठमाण्डौ : कालिन्चोक पुस्तक प्रकाशन प्रा.लि. ।
बन्धु, चुडामणि (२०५८), *नेपाली लोक साहित्य,* काठमाण्डौ, नेपाल : एकता बुक्स ।
बुडाथोकी, ताराबहादुर (२०७१), *अरुण उपत्यकाका लोकभाका,* काठमाण्डौ, नेपाल : लायन्स मनराम प्रतिष्ठान ।
राई, भक्त (२०८१), *नेपाली लोकगीतको परिचय,* ढोलाहिटी, ललितपुर : सोनु श्रेष्ठ राई ।
रिमाल, प्रदीप (२०२८), *कर्णाली लोकसँस्कृति,* काठमाण्डौः साझा प्रकाशन ।
रिमाल, प्रदीप (२०७८ दो.सं.), *साहित्य सङ्गीत कला,* बत्तिसपुतली, काठमाण्डौ : हिमाल किताब प्रा.लि. ।
लामिछाने, कपिलदेव (२०६८), *नेपाली लोकगीतको अध्ययन,* काठमाण्डौ : विवेक सिर्जनशील प्रा.लि. ।
लुइटेल, खगेन्द्रप्रसाद र शर्मा, मोहन (२०६३),*लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।
लेछर्बो, मनकुमारी (२०७६), *अन्तर्वार्ता,* ताप्लेजुङ : निजि निवास (१५ चैत्र) ।
सुब्बा, अरुण (२०८२), *अन्तर्वार्ता,* काठमाण्डौ : निजि निवास (जेष्ठ २२) ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com